# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.

**विषय: मकै बालीमा देखा पर्ने अमेरिकन फौजी किरा व्यवस्थापन सम्बन्धी सम्बन्धी सूचना !!!**

सूचना प्रकाशन मिति : २०८१/१२/०१ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका भित्र मकै बालीमा अमेरिकन फौजी किराको प्रकोप देखिन सक्ने जोखिम भएकाले फौजी किराको व्यवस्थापनका लागि तपसिलका उपायहरु अवलम्बन गर्नुहुन सिद्धलेक गाउँपालिका भित्रका सम्पूर्ण कृषक वर्गहरुलाई यसै सूचना मार्फत सूचित गराईन्छ ।

तपसिल:

- ✓ मकै रोप्नु अघि गहिरो गरेर खनजोत गर्ने अनि खेत भित्र र बाहिर रहेका झारपातलाई नष्ट गर्ने ।
- ✓ मकै निश्चित टाँउमा सकेसम्म सबैले एकै समयमा रोप्ने ।
- ✓ कोशेबालीलाई मकै सँग अन्तरबालीको रुपमा लगाउदा यस किराको प्रकोप कम गर्न सकिन्छ ।
- ✓ यो किरा बेलुका र रातिको समयमा बढी सक्रिय हुने भएकाले बत्ती पासो (Light Trap) को प्रयोग गरेर पनि वयस्क किरालाई नियन्त्रण गर्ने सकिन्छ ।
- ✓ डेस्मोडियम (Desmodium) घाँसको सुगन्ध यो किरालाई मन नपर्ने र नेपिएर (Napier) घाँसको सुगन्धबाट पोथि किरा आर्कषित हुने हुनाले डेस्मोडियम घाँसलाई मकै बालिको बिच बिचमा लगाउने र नेपिएर घाँसलाई छेउ छेउमा लगाएर किरालाई आकर्षित गर्ने र किरालाई जैविक विषादीको प्रयोग गरि मार्ने ।
- ✓ हरियो खुर्सानी गाईको गहुतमा पकाएर १: १० को अनुपातमा पानीमा मिसाई गुभोमा राख्दा पनि यस किराको प्रकोप कम गर्न सकिन्छ ।
- ✓ जैविक विषादिको प्रयोगमा जोड दिने ।
- ✓ इमामेक्टीन बेन्जोएट ५% SG ०.५ ग्राम प्रतिलिटर पानीमा राखेर स्प्रे गर्ने, अथवा
- ✓ क्लोरान्ट्रानिलिप्रोल १८.५% SC १ मिलिलिटर प्रति ३ लिटर पानिमा राखेर बोट पुरै भिज्ने गरि स्प्रे गर्ने, अथवा
- ✓ स्पाइनोस्याड ४५% SC १ मिलिलिटर प्रति ३ लिटर पानीमा राखेर बोटमा स्प्रे गर्ने ।
- ✓ सिफारिस नगरिएको रासायनिक विषादीको प्रयोगले गर्दा सहि विषादि पनि प्रभावहीन हुन्छ त्यसैले कृषि प्राविधिकको सल्लाह अनुसार सिफारिस रासायनिक विषादीको प्रयोगले यस किराको जोखिम कम गर्न सकिन्छ।

**आवश्यक प्राविधिक सरसल्लाह र परामर्शका लागि सम्पर्क न.**

९८६४३००१०१; ९८६६०२२६३३; ९८६८८३६८८१; ९८६९२४३७५३

.............................
सुदिप रेग्मी
कृषि अधिकृत (सातौं)

**सुदिप रेग्मी**
**कृषि अधिकृत (सातौं)**



Scanned with CamScanner